# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**राष्ट्रिय भूकम्प सुरक्षा दिवसको सन्देश !**

आज माघ २ गते हामी २५ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाउँदैछौं । वि.सं १९९० माघ २ गते भूकम्पको त्रासद सम्झनामा मनाइने गरिएको यो दिवसका सन्दर्भमा भूकम्पीय जोखिमबाट बच्नका लागि सुरक्षित संरचनाहरु निर्माण गर्न थप प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

भूकम्पीय जोखिमका दृष्टिबाट नेपाल ११ औं स्थानमा रहेको तथ्यलाई मध्यनजर गर्दै यसबाट जोगिन पूर्वाधार निर्माणमा आचारसंहिताको पूर्णपालना गर्नु आवश्यक छ । वि.स.२०७२ वैशाख १२ गतेको भूकम्पको प्रभाव हामीमाझ ताजै रहेकाले पनि यसबाट कतिसम्म सचेत रहनुपर्छ भन्ने हामी सहजै बुझ्न सक्छौं । आजका दिनलाई औपचारिकतामा सीमित नगरी नागरिकलाई भूकम्पबाट हुने क्षति न्यूनिकरण गर्न आवश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने वातावरण बनाउन आग्रह गर्दै यो दिवसले सचेत र सुरक्षित रहन सबैलाई प्रेरित गरोस् । भूकम्पबाट क्षति भएका संरचनाहरु पुनर्निर्माण एवम् पुन : स्थापनाको कार्यमा लाग्ने र सहयोग पुऱ्याउने सम्बन्धित सम्पूर्ण पक्षहरुमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**२०७९ माघ २ गते सोमबार**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**